"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति २०७८/०२/०२

## कोभिड-१९ विरुद्धको भेरोसिल (VeroCell) खोपको दोस्रो मात्रा लगाउने सम्बन्धमा महालक्ष्मी नगरपालिकाको अपिल

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को दोस्रो भरियन्टबाट हामी आक्रान्त छौँ। यसबाट बच्ने उपाय भनेको जनस्वास्थ्यका मापदण्डहरूको परिपालना र यस विरुद्धको खोप लगाउने नै मुख्य हो। यस नगरपालिकाभित्र बसोबास गर्नुहुने व्यक्तिहरूका लागि नगरपालिकाको व्यवस्थापनमा भेरोसिल खोपको पहिलो मात्रा लगाइएको थियो। यस खोपको पहिलो मात्रा लिने सबैको लागि खोपको दोस्रो मात्रा यहि मिति २०७८ जेष्ठ ६ देखि जेष्ठ १३ गते सम्म लगाउने कार्यक्रम रहेको छ। नगरपालिकाले सबै वडालाई समेटि खोप केन्द्र र खोप तालिकासहित खोप लगाउदा पालना गर्नु पर्ने नियमहरू सार्वजनिक गरिसकेको छ। त्यसै गरी खोप कार्यक्रम सुरक्षित रूपमा सफल बनाउन खोप केन्द्र व्यवस्थापन, खोप लगाउन आउने व्यक्तिहरूको स्वास्थ्य सुरक्षा, खोप लगाउदा अपनाउनु पर्ने सावधानी, खोप लगाउदा हुन सक्ने स्वास्थ्य जटिलताको उपचार लगायतको व्यवस्था समेत मिलाइएको छ।

खोप लगाउने कार्यमा स्वास्थ्यकर्मी, जनप्रतिनिधि, स्वयंसेवक, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षा निकायका कर्मचारीहरूको सहभागिता रहने व्यवस्था मिलाइएको छ। तसर्थ कोभिड-१९ विरुद्धको भेरोसिल खोपको पहिलो मात्रा लिई सक्नुभएका सबै नागरवासी दिदीबहिनी दाजुभाइहरूले ढुक्कसँग अनुशासित भई जनस्वास्थ्यका मापदण्डहरूको पूर्ण परिपालना गरी आ-आफ्नो कार्यतालिका बमोजिमको दिनमा नजिकको खोप केन्द्रमा गई खोप लगाउनु हुन हार्दिक अपिल गर्दछु। साथै यस खोप कार्यक्रम सफल बनाई कोभिड-१९ विरुद्धको यो सामाजिक युद्धमा सक्रियता पूर्वक योगदान गर्नुहुन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी सहितका कर्मचारीहरू, सुरक्षा निकायका कर्मचारीहरू, सामाजिक संघ संस्थाका प्रतिनिधिहरू, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरू, संचारकर्मीहरू लगायत सम्पूर्ण नगरवासीमा हार्दिक आवहान गर्दछु।

.................
रामेश्वर श्रेष्ठ
नगर प्रमुख

"Unite To Fight Against Corona Virus COVID-19"